# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०४।०६

## प्रेस विज्ञप्ति

प्रदेश राष्ट्रिय दैनिकका सम्पादक रामकुमार यादवलाई निर्माण व्यवसायी लालविहारी यादवसहितका व्यक्तिले फोनबाट गालीगलौज गर्दै धम्क्याएकोमा नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

यही साउन १ गते बिहीबार सम्पादक यादवलाई सिरहाको विष्णुपुर गाउँपालिका कार्यालयबाट चेक वितरण भएको विषयमा समाचार लेखेको भन्दै व्यवसायी यादवसहित स्थानीय सन्तोष यादव, पवन यादवले ज्यान मार्ने धम्की दिएको महासंघको मधेस प्रदेश समितिले जनाएको छ ।

कुनै पनि समाचारमा चित्त नबुझे त्यसउपर कानुनी या प्रचलित विधिमार्फत समाधान खोज्नुको साटो पत्रकार धम्क्याउने कार्य हुनु निन्दनीयमात्र होइन प्रेस स्वतन्त्रताविरोधी हर्कत हो ।

महासंघ यो घटनाको छानबिन गरी दोषीउपर कानुनी कारबाही गरी पत्रकारलाई निर्वाध र सुरक्षित रुपमा सञ्चार कर्ममा जुट्ने वातावरण निर्माणका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

रामप्रसाद दाहाल
महासचिव


Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org